# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०१।२० गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

चम्पादेवी गाउँपालिका, ओखलढुङ्गा अन्तर्गत बिभिन्न आयोजनाहरुमा व्यापक अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **चम्पादेवी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत भीम प्रसाद दाहाल, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाई ओखलढुङ्गाका तत्कालीन इन्जिनियर नबिन श्रेष्ठ र तत्कालीन सव-इन्जिनियर लोकबहादुर ठकुराठीले** आ.व. २०७४/०७५ मा संचालित विपी चोक, मिश्रभञ्याङ्ग, जौखोरिया, सिलुङ्ग, चिलाउने र फतानेवारी सडक खण्ड निर्माण कार्यमा फिल्डको वास्तविक तथ्य बँग्याई भए गरेको कार्यभन्दा बढी मूल्याङ्कन गरी नापी किताबमा चढाई हस्ताक्षर गरी निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साइटमा नगरे/नगराएको परिमाणको झुट्टा बिल भरपाई एवं कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी रु.९,४४,१९५।२५ बढी भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजहरु **भीम प्रसाद दाहाल, नबिन श्रेष्ठ र लोकबहादुर ठकुराठीलाई** रु.९,४४,१९५।२५ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगोसमेत असुल उपर हुन साथै निजहरुले भए गरेको कुरा लुकाई/छिपाई नभए नगरेको कुरा देखाई गलत नापी किताब, अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदन दिने कार्यसमेत गरेको पुष्टि हुन आएको हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको छ।

**तत्कालीन उपभोक्ता समितिका अध्यक्ष लोक बहादुर थापा, सचिव पदम बहादुर कटवाल र कोषाध्यक्ष मिठुमाया गुरुङ खत्रीले** सडक खण्ड निर्माण कार्यमा फिल्डको वास्तविक तथ्य बँग्याई निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साइटमा नगरे/नगराएको परिमाणको मूल्याङ्कन गराई वास्तविक रुपमा भएको कार्यभन्दा बढीको भुक्तानी माग गरी रु.९,४४,१९५।२५ बढी भुक्तानी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजहरु **लोक बहादुर थापा, पदम बहादुर कटवाल र मिठुमाया गुरुङ खत्री**लाई रु.९,४४,१९५।२५ बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदाबी लिइएको छ।

**चम्पादेवी गाउँपालिका, वडा नं. ४ का तत्कालीन वडाअध्यक्ष कृष्ण बहादुर खत्रीले** सडक खण्ड निर्माण कार्यमा नभए नगरेको कार्यलाई समेत भए गरेको भनी सिफारिस पत्र दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज कृष्ण बहादुर खत्रीलाई सोही ऐनको दफा ८ को उपदफा (३) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे